काठमाडौं-सन्धि

कनकमणि दीक्षित

अनुवाद : वसन्त थापा • चित्र : शान्ता हिताङ

लेखकको भनाइ

***काठमाडौँ–सन्धि**को यो प्रकाशन रातो बङ्गला किताबबाट २०५५ सालमा प्रकाशित **काउबूढी र अरू कथा** कथासङ्ग्रहमा भएको कथाको 'विस्तारित तथा समय-सान्दर्भिक' रूप हो। हुन त यस पुस्तकमा बताएअनुसार काठमाडौँमा चङ्गा उडाउने प्रथाको इतिहास आधिकारिक होइन तर आशा छ, पाठकहरूले यहाँ वर्णन गरिएको किंवदन्तीलाई सहि अर्थमा लिनेछन्।*

प्रकाशक
रातो बङ्गला किताब २०५४
रातो बङ्गला स्कूल
पाटनढोका, ललितपुर
फोन ५–५२२६१४, ५–५३४३१८ फ्याक्स ५–५५४७६१८
ईमेल : rbs@mos.com.np

© *रातो बङ्गला किताब २०६१*

ISBN : 99933 816 3 2

मोल २०० रुपियाँ मात्र

टाइपसेट तथा सज्जा
रातो बङ्गला किताब

मुद्रण
जगदम्बा प्रेस (प्रा.) लि., हात्तीवन, ललितपुर
फोन ५–५४७०१७, ५–५४७०१८

काठमाडौँ–सन्धि

कनकमणि दीक्षित

अङ्ग्रेजीबाट अनुवाद : वसन्त थापा

चित्र : शान्ता हिताङ

रातो बङ्गला किताब

पाटनढोका, ललितपुर

धेरै समय पहिले काठमाडौँ नगरीमा बर्निको नामका एक जना युवा वास्तुशिल्पी बस्थे। उनले काठमाडौँमा कैयौँ सुन्दर मन्दिर तथा भव्य महलहरू बनाएका थिए, जसबाट राज्यको ख्याति चारैतिर फैलेको थियो। टाढाटाढाका राजा-रजौटाहरू र छिमेकी राज्य भादगाउँ तथा पाटनका महाराजाहरूसमेत बर्निकोको काम देखेर प्रभावित भएका थिए। उनीहरू पनि बर्निकोबाट त्यस्तै भवनहरू निर्माण गराउन चाहन्थे।

एक दिन गर्मी महिनाको साँझपख काठमाडौँका राजाले बर्निकोलाई दरबारभित्र आफ्नो सिंहासन भएकै बैठकमा बोलाएर भने, "हेर तिमीलाई थाहै छ, हाम्रो मुलुकले उत्तरतर्फको तिब्बतभन्दा पनि पर्तिरका ठूला चिनियाँ सम्राट्सित राम्रो सम्बन्ध राख्नुपर्छ। त्यसैले मैले उनलाई यहाँबाट कुनै एकदम गतिलो कोसेली पठाउने विचार गरेको छु। मेरो विचारमा हाम्रो वास्तुकलाको

सीपभन्दा ठूलो अर्को त्यस्तो गतिलो कोसेली केही हुन सक्तैन। तिमी मेरो दूतका रूपमा चीनका महान् सम्राट् कुब्लाई खानका दरबारमा जाऊ। त्यहाँ गएर तिमीले इँटा, माटो, फिँगटी र काठको प्रयोगबाट हामीले घर र महल बनाउने तरिका उनीहरूलाई सिकाऊ भन्ने म चाहन्छु।"

बर्निकोले राजाको आदेश स्वीकार नगर्ने सवालै थिएन। उनलाई चीन जान पाउने कुरा मन पऱ्यो। हुनत उनलाई त्यो यात्रा लामो र कठिन हुनेछ भन्ने थाहा थियो तर काठमाडौँको प्यागोडाशैलीका वास्तुकलालाई हिमालयपारि र त्यसभन्दा पर्तिर एसियामा पनि चिनाउन पाउने यो राम्रो अवसर थियो।

काठमाडौँका मठमन्दिर तथा स्मारकहरू हेर्नमा जति सुन्दर थिए, त्यतिकै मजबुत पनि थिए।

राजाको आदेश पाएको केही हप्ताभित्रै बर्निको हिमालपारिको यात्राका लागि तयार भए। आफ्नो परिवार तथा बन्धुबान्धवसित बिदाबारी लिएर उनी ल्हासा जाने नेपाली व्यापारीहरूको डफ्फामा सामेल भए। काठमाडौँबाट उत्तर-पूर्वतर्फ लागेको त्यो टोली गहिरा खोँच, हिमाली उपत्यका र तिब्बतको उच्च पठार हुँदै तीन हप्तामा तिब्बतको राजधानी ल्हासा पुग्यो। त्यहाँ पुगेर भव्य पोताला दरबारको प्राङ्गणमा चीनको राजधानी बेजिङ जाने यात्रीहरूको अर्को टोलीमा उनी मिसिए।

ल्हासाबाट हिँडेको डेढ महिनापछि काठमाडौँका युवा वास्तुकार आफ्नो गन्तव्यस्थल बेजिङ पुगे। त्यस विशाल सहरमा प्रवेश गर्दा त्यहाँको बजारमा मानिसहरूको भीड देखेर उनी अवाक् भए। "आमामामा...! यति धेरै मानिस एकै ठाउँमा मैले यसअघि कहिल्यै देखेको थिइनँ," बर्निकोले मनमनै भने। मानिसको त्यस भीडले ठेल्दै बर्निकोलाई त्यहाँको सहरको मुख्य भागमा रहेको पटाङ्गिनीनेर पुऱ्यायो।



त्यहाँ आइपुग्दा उनले आकाशमा अनेकौँ विचित्र वस्तुहरू उडिरहेका देखे। हावामा फनफनी घुमेर कावा खाइरहेका यी रङ्गीचङ्गी वस्तुहरू के हुन् ? भीडको धक्कमधक्कालाई बिर्सेर बर्निको वाल्ल परी आकाशतिर हेरिरहे।

बर्निकोलाई आफ्ना आँखा आकाशबाट हटाउन केही समय लाग्यो अनि उनका दृष्टि ती उड्ने वस्तु बेचिरहेको पसलमा पऱ्यो। नजिक गएर उनले चङ्गाहरूलाई नियालेर हेरे। ती काठका लामा सिन्कालाई कागजमा गुँदले टाँसेर बनाइएका चङ्गा थिए। वास्तुविद् बर्निकोलाई आकाशमा उड्ने ती चङ्गाको बनावट बुझ्न बेर लागेन।

नेपाली टोपी लगाएको त्यस तन्नेरीले चङ्गा पहिलोपटक देखेको हुनुपर्छ भन्ने बुझेर पसलेले भन्यो, "ए भाइ, यी चङ्गाहरू हावाको सहायताले आकाशमा उड्छन्। धागाले चाहिँ चङ्गालाई तानिराख्छ र त्यसबाट चङ्गालाई यताउता घुमाउन पनि मिल्छ।"

"अहो यस्तो गजब ! यो त आफू उड्नुजत्तिकै रमाइलो रहेछ," बर्निकोले भने। "हावा जोडले चलेका बेला चङ्गा झुनै राम्रोसित उडछ," पसलेले बतायो। केही गर्वसाथ उसले अझै थप्यो, "चङ्गा मात्र होइन चीनको आविष्कार ! बारुद, पटाखा र रेसमका कपडा पनि चीनकै आविष्कार हुन्।"

बादशाहको दरबारमा उनको बाटो हेरिँदै छ भन्ने बर्निकोलाई थाहा थियो तर उनलाई चङ्गा नकिनी भएको थिएन। उनले पसलमा राखिएका थरीथरीका चङ्गाहरू हेरे। त्यहाँ कुनै चङ्गा लामपुच्छे थिए, कुनै ड्रागोनका आकारका थिए र कुनै काल्पनिक चराका स्वरूपका थिए। बर्निकोले सबैभन्दा सानो र चिटिक्क परेको चङ्गा छाने। त्यो बाँसको पातलो फ्रेममा हातेकागत टाँसेर बनाइएको चारपाटे चङ्गा थियो। त्यसको पुच्छरचाहिँ तीनकुने थियो।

बर्निकोले त्यो चङ्गा आफूले काठमाडौँमा आफ्नो भतिजोलाई पठाउन किन्न लागेको बताए, "चन्द्रे बडो फुर्तिलो केटो छ, उसलाई नौलो कुरा गर्न मन पर्छ। यो चङ्गा उसका लागि सुहाउँदिलो छ। ऊ चङ्गा उडाउन पाएर रमाउनेछ।"

पसलेले चङ्गालाई कुटको दुइटा गाताको बीचमा जतनसाथ राखी बाँधेर बर्निकोलाई दियो। उसले हावाको दिशा हेरिकन कसरी चङ्गा उडाउने, लट्टाईमा बेह्रेको धागाबाट कसरी चङ्गालाई नचाउने र हावा नचलेका बखत धागो बेरेर कसरी चङ्गालाई झार्ने, ती सबै पनि सिकाइदियो। नयाँ कुरा सिक्न पाएकोमा खुसी हुँदै बर्निको हतारहतार आफ्नो टोली भएठाउँमा गए। त्यो टोली भोलिपल्ट तिब्बत फर्कँदै थियो। उनले ल्हासा हुँदै काठमाडौँ जान लागेका एक जना साथीलाई त्यो चङ्गा जिम्मा लाए। चङ्गाका साथै उनले धागोसहितको लट्टाई र चङ्गा उडाउने तरिका पनि लेखेर ती साथीको हातमा दिए।

युवा वास्तुविद् बर्निकोको कथालाई यहीँ छाड्दै अब हामी चङ्गालाई पछ्याउँदै काठमाडौँ फर्कन्छौँ। उता बेजिङमा सम्राट् कुब्लाई खानद्वारा बर्निकोको कामको ठूलो प्रशंसा भयो। उनले थालेको प्यागोडा शैलीको वास्तुकला बेजिङ र अरू ठाउँमा पनि लोकप्रिय भयो र उनको ख्याति चारैतिर फैलियो।

चङ्गा उडाउने कला

काठमाडौँमा चङ्गा आइपुग्नु चन्द्रेका लागि ठूलो हर्षको विषय थियो। काकाले लेखिपठाएको चङ्गा उडाउने तरिका पढिसक्नासाथ चन्द्रेले ठूलो लट्टाई र चङ्गा टिप्यो अनि घरको कौसीमा दौडिहाल्यो। त्यसबेला हावा पनि गजबसित चलिरहेको थियो र एकैछिनमा चङ्गा काठमाडौँको घरका छानामाथि आकाशमा सर्सर्ती उड्न थाल्यो।

मुनि असनबजारमा हिडिँरहेका व्यापारी, भरिया, घोडचढी र पसलेहरू माथि नीलो आकाशमा उडिरहेको अचम्मको वस्तुलाई टक्क अडिएर हेर्न थाले। त्यो अचम्मको वस्तु घरी तल झर्थ्यो, घरी अकासिन्थ्यो। त्यो देखेर छक्क

परेका एक हूल मानिस चङ्गाको धागो पछ्याउँदै चन्द्रेको घरसम्मै आइपुगे। उनीहरूले चन्द्रेलाई धागो बेर्न लगाएर चङ्गालाई नियालेर हेरे।

चङ्गाको राम्रो जाँचबुझ गरेपछि हूलका जेठाबाठाहरूले त्यो कुनै जादुको कुरा नभएर वायुको गतिका कारण उड्ने वस्तु भएको ठहर गरे।

उनीहरूले चन्द्रेलाई फेरि चङ्गा उडाउन भने। चन्द्रे त्यसो गर्न तुरुन्तै तयार भयो। त्यो सानो चङ्गा हावाको जोड पाएर उडिहाल्यो। केही बेरमै त्यो चङ्गा काठमाडौँको सबैभन्दा अग्लो तलेजु मन्दिरमाथि उड्न थाल्यो। त्यसलाई मानिसहरूले आ-आफ्ना कौसी र छानाबाट दङ्ग परेर हेरे।

त्यसको केही दिनमै हस्तकलामा निपुण काठमाडौँका मानिसहरूले बाँसका सुइराहरूलाई लोक्ता कागजमा टाँसेर चङ्गा बनाउन थाले। उनीहरूले धागो बेर्नलाई काठको ठूलो लट्टाई पनि बनाए।

शरद् ऋतु भर्खर सुरु भएकाले दिउसो पश्चिमा हावा सरर चल्न थालेको थियो। चङ्गा उडाउनलाई चाहिने पनि त्यस्तै हावा थियो। त्यसको एकदुई साताभित्रै काठमाडौँको आकाशमा सयौँ चङ्गाहरू देखिन थाले। त्यो बेला काठमाडौँका केटाकेटीहरूले आआफ्ना आँगन र गल्लीहरूमा गुच्चा खेल्ने याम थियो तर सबै केटाकेटी चङ्गा हेर्न आआफ्ना घरका कौसी, बार्दली र छानामा गएपछि आँगन र गल्ली एकाएक रित्ता भए। उनीहरू रमाउँदैचिच्च्याउँदै चङ्गा उडाउन सिक्न थाले।

सिकारुहरूले चङ्गा नियन्त्रण गर्न नजान्दा धेरै चङ्गा भुइँमा झरे। कुनै मन्दिरका छानामा गएर ठोकिए, कुनैचाहिँ अग्ला रूखका हाँगामा गएर अल्झिए। तर छिटै नै धेरै जना चङ्गा उडाउन सिपालु भए। उनीहरू हातले धागो नसमाती लट्टाईबाटै चङ्गालाई नियन्त्रण गर्न जान्ने भए।

चङ्गा उडाउन सिपालुहरू त हावाको गति र दिशा हेरी चङ्गालाई आफूले चाहेजसरी उडाउने कलामा पारङ्गत नै भए। ती सिपालुहरूमा पहिलो त चन्द्रे नै थियो। उनीहरू लट्टाई घुमाएर उडिरहेको चङ्गालाई अरु माथि पुऱ्याउन सक्थे; चङ्गालाई दायाँबायाँ घुमाउन र तल झार्न सक्थे। लट्टाईबाट धागो छाड्दा चङ्गाहरू चक्कर खाँदै अक्कासिन्थे र लट्टाईबाट धागो तान्दा ती माथि, तल र छेउछाउ लाग्थे।

“मानिसको जस्तै हरेक चङ्गाको आफ्नै व्यक्तित्व हुन्छ। एउटा चङ्गा जसरी उड्छ, त्यसरी अर्को चङ्गा उड्दैन। तिमीहरूले आफ्नो चङ्गाको गुणबैगुण राम्रोसित बुझ्नुपर्छ,” चन्द्रेले आफ्ना साथीहरूलाई सम्झायो। चङ्गा उडाउने कलापछाडि लुकेको सिद्धान्तलाई बुझेर उसले त्यसो भनेको थियो।

चङ्गालाई एकअर्कासित जुधाउने खेल पनि खेल्न सकिन्छ भनी पत्ता लगाउन चङ्गाबाजहरूलाई धेरै समय लागेन। त्यस खेलमा आफ्नो लट्टाईको धागो बेस्सरी छाडी त्यसले रेटेर अर्काको चङ्गाको धागालाई चुँडालेर चेट पारिन्थ्यो। धागालाई कडा र धारिलो बनाउन काँचको धूलालाई माडमा मिसाएर धागामा लगाइन्थ्यो। यसप्रकार काठमाडौँमा एउटा नौलो र प्रतिस्पर्धात्मक खेल सुरु भएको थियो।

काठमाडौँका परिश्रमी बासिन्दाहरूका लागि फुर्सदको समय बिताउने धेरै मनोरञ्जनका साधन थिएनन्। त्यसैले चङ्गा उडाउने खेल अत्यन्त लोकप्रिय भयो। मानिसहरू यस्तो रमाइलो गरी समय विताउन पाएर औधी खुसी भए। फेरी उनीहरूका विचारमा चङ्गा उडाउँदा कसैलाई कुनै हानिनोक्सानी पनि थिएन।



घातक धागो

एक दिन दिउँसो राजा आफ्नो बार्दलीबाट बाहिर हेरिरहेका थिए। उनले आकाशमा अनेक रङ्ग र आकारका चङ्गाहरू अकासिँदै र कावा खाँदै गरेका देखे। "जनता रमाइलो मानिरहेछन्, बुझ्यौ रानी !" उनले प्रसन्न चित्तले आफ्नी पत्नीलाई भने।

तर दुर्भाग्यवश चराहरूलाई भने त्यो कुरा रमाइलो लागेको थिएन। अहिलेसम्मको समझदारीअनुसार मानिसको अधिकार जमिनमा र पन्छीहरूको अधिकार आकाशमा रहँदै आएको थियो। अचानक मानिसहरूले आकाशमाथि अतिक्रमण गर्न पुगे। साबिकको खुला र फराकिलो आकाश पन्छीहरूका लागि जताततैबाट तन्किएका धागाको धरापबाट बाधायुक्त बनेको थियो।

चङ्गाहरू उड्न थालेपछि कुनै चरा पनि सुरक्षित रहेनन्– न त बाँसका झ्याङमा बास बस्ने सारौँ, न त सिकारको खोजमा चक्कर लगाउने चील, न मन्दिरमा चढाइएका अछेता र चामल खान जाने परेवा, न त विष्णुमती नदीमा डुबुल्की लगाउन त्यतातिर उड्ने कौवा। दिनहुँ कैयौँ पन्छीहरू आँखाले

देख्न झुण्डै गाह्रो पर्ने धागाहरूमा अल्झिन्थे र त्यसबाट काटिएर घाइते हुन्थे। कति त त्यसका कारण नियन्त्रण गुमाएर भुइँमा नै बजारिन्थे। चङ्गा उडाउनमा मस्त भएका काठमाडौँका मानिसहरूलाई भने पन्छीहरूको संसारमा आएको यस हल्लीखल्लीबारे अत्तोपत्तो थिएन।

कुनै पनि सङ्कट आइपरेका बेला काठमाडौँका चराहरू आफ्ना प्रतिनिधिहरूलाई गुहार्थे। ती प्रतिनिधिहरूले लाटोकोसेरो उल्लू दिदीको निवासमा भेट्ने गर्थे। उल्लू दिदीले सहरको माझमा भएको ठूलो घण्टछेउको एउटा खाली घरको बुइँगललाई आफ्नो निवास बनाएकी थिइन्, जो राजमहलको छेउमै अवस्थित थियो।

चङ्गाको उत्पातले चराहरूको जीवनमा ठूलो सङ्कट ल्याइदिएको थियो। त्यसैले चराका प्रतिनिधिहरू उल्लू बस्ने बुँइगलमा आएका थिए। आफूकहाँ आएका चराका प्रतिनिधिहरू सबै आ-आफ्नो ठाउँमा बसिसकेपछि उनीहरूलाई सम्बोधन गर्दै बुद्धिमान् उल्लूले भनिन्, "पन्छी-मित्रहरू ! तपाईंहरूलाई थाहै छ, म त निशाचर हुँ। त्यसैले दिनमा उड्ने चङ्गाबाट मलाई केही डर छैन। तर ती वाहियात चङ्गा र तिनका धागाहरूले हामी पन्छीहरूको संसारमा कस्तो सङ्कट ल्याएका छन् भन्ने कुरा मैले राम्ररी बुझेकी छु। आकाश सधैँ हाम्रै रहिआएको छ र पृथ्वीको गुरुत्वाकर्षणले गर्दा मानिसहरूले भुइँमा नै आफूलाई सीमित राख्दै आएका छन्। तर आज उनीहरूले हाम्रो क्षेत्रमा अतिक्रमण गरिरहेका छन्, किन ? किनभने उनीहरू कागजको फिरफिरेलाई हावाको सहायताले उडाउन सक्ने भएका छन्। मानिसहरूलाई यसो गर्ने अधिकार कसले दियो ?"

एउटा पाको भँगेराले सोध्यो, "उल्लू दिदी, उसोभए हामीले के गर्ने ?"

उल्लूले भनिन्, "हाम्रो अनुमति नलिईकनै मानिसहरूले चङ्गा उडाउन थालेका हुन्। त्यसैले हाम्रो सामु एउटै बाटो छ। हामीले चङ्गासित लड्नुपर्छ।"

एउटा फिस्टाले सोध्यो, "तर हामीले उनीहरूसित लड्ने कसरी ?"

उल्लूले जवाफ दिइन्, "तिमीले चङ्गा लडेका त देखेकै छौ। जसरी तिनीहरू एकअर्काका धागालाई छिनाल्छन् हो, त्यसै गरी हामीले चङ्गाहरूलाई आक्रमण गर्नुपर्छ। चङ्गाको धागालाई आफ्ना नङ्ग्रा र चुच्चाले काटिदिनुपर्छ। अरु राम्रो त कागजको चङ्गालाई छेडेर च्यात्चुत पारिदिनुहुन्छ।"

सहमतिमा चिरबिर-चिरबिरको आवाज त्यहाँ सुनियो। मानिसहरूले विचारै नगरी आकाशमा गरेको अतिक्रमणको यो सटीक जवाफ थियो। पछिल्तिर बसेका केही बकुल्लाहरू चिच्च्याउन थाले, "मानिसहरू मुर्दावाद ! चङ्गाहरू मुर्दावाद" ! अरूले पनि त्यो नारा दोहोऱ्याए।

उल्लूले अरू चराहरूलाई नारा लगाएर आफ्नो आक्रोश पोख्नबाट रोकिनन् । त्यसपछि आफ्नो टाउकालाई यताउता हल्लाएर सबैलाई चुप लाग्न भनिन् । चराहरूको बथान शान्त भएपछि उनले भनिन्, "लौ त साथी हो, भोलि दिउसो पश्चिमा हावा चल्न थालेपछि जब मानिसहरू चङ्गा उडाउँछन्, त्यसैबेला हामी तिनमाथि हमला गर्नेछौँ । हामी चङ्गाहरूलाई सिध्याइछाड्नेछौँ ।"

"मानिसहरू मुर्दावाद ! चङ्गाहरू मुर्दावाद !" फेरि एकपटक नारा घन्क्यो । त्यसपछि चराहरू एकएक गर्दै सहरका विभिन्न भागमा रहेका आ-आफ्ना गुँडतिर लागे ।

आक्रमण

भोलिपल्ट दिउसो काठमाडौँका मानिसले उदेकको घटना देख्नुपर्‍यो। कताकताबाट हो, अनेक थरीका चराहरू एकाएक ओइरिएर हावामा उडिरहेका चङ्गाहरूमाथि जाइलागे। चङ्गामाथि आक्रमण गर्ने हूलमा सबै जातका चराहरू थिए– परेवा,

बकुल्ला, गिद्ध, सुगा, सारौँ, चिबे, माटीकोरे, जुरेली, गौँथली, फिस्टा, भद्राई, कोइली, ढुकुर, काग, भँगेरा ..... ।

चङ्गामाथि भइरहेको सुनियोजित आक्रमण देखेर चङ्गाबाजहरूले पत्याउनै सकेनन् । उनीहरू हेरेको हेर्‍यै भए । कतिपय चङ्गाहरू आकाशमै च्यातचुत भए र जमिनमा झरे । चराहरूले आफ्ना चुच्चाले धागो चुँडालेर सयौँ चङ्गाहरू चेट पारे । त्यसरी चेट भएका चङ्गाहरू ढलपल गर्दै आकाशबाट बजार र मन्दिरका प्राङ्गणहरूमा भकाभक झर्न थाले । निकै माथि उडिरहेका चङ्गाहरू भने सहरबाहिरका नदीनाला र धानखेतमा गएर खसे अथवा रूखहरूमा गई अल्झिए ।

योजनाअनुरूप काम गर्न सकेकामा चराहरू खूब खुसी भए । उनीहरू काठमाडौँका मानिसहरूले पाठ सिके भन्ने आशाका साथ आ-आफ्ना गुँडमा फर्के ।

छानामा बसी सधैँ हो-हो र हा-हा गर्दै मजा लिने चङ्गाबाजहरू हक्क न बक्क परे। अघि भर्खरसम्म रङ्गीबिरङ्गी चङ्गाले छोपिएको काठमाडौँको आकाश अहिले पूरै खाली भयो। विश्वास नलागेर वाल्ल परेका मानिसहरू अब रिसले आगो भए। नाथे चराहरूको यत्रो हिम्मत ? रिसले मुरमुरिएका नागरिकहरू राजाकहाँ उजुर गर्न दरबारतर्फ गए। दरबारको छानामा पनि चेट भएका चङ्गाहरू झुन्डिएका थिए।

तल पटाङ्गिनीमा हल्लाखल्ला सुनेर राजा बार्दलीमा निस्के। बर्निकोको भतिजो चन्द्रे नै काठमाडौँमा चङ्गा उडाउने पहिलो र सबैभन्दा सिपालु व्यक्ति थियो। ऊ नै त्यस जनसमूहको अगुवा पनि हुन पुग्यो। चन्द्रे अगाडि बढेर राजासमक्ष त्यस दिन भएको हिंसात्मक घटनाको बयान गऱ्यो। उसले भन्यो,

"महाराज ! चराहरूले हाम्रा चङ्गाको सत्यानाश पारे। हामीसित लट्टाई र अलिकति धागोबाहेक अरू केही बाँकी रहेन। महाराजबाट कारबाही होस् !"

"हामीले के गर्नुपर्‍यो त चन्द्रे ?" राजाले सोधे।

"चराहरूलाई देशनिकाला होस् ! चराहरू मुर्दाबाद !" जवाफमा चन्द्रे करायो।

त्यहाँको हूल पनि एक स्वरमा कराउन लाग्यो, "चराहरूलाई देशनिकाला ! चराहरूलाई देशनिकाला।"

सयौँ मानिसका मुखबाट निस्किएको त्यो चर्को आवाज परपरसम्म पुग्यो। काठमाडौँका ठाउँठाउँमा गुँड बनाएर बसेका चराहरूले पनि उनीहरूको देशनिकालाको माग गर्दै चिच्च्याएको आवाज सुने। उनीहरूलाई भोलि के होला भन्ने पीर पर्‍यो।

मानवअधिकार, पन्छीअधिकार

आफ्नो स्वार्थवश क्रोधमा मानिसहरू नारा लगाएर माग गरिरहेका थिए तर काठमाडौँका राजा साँच्चीकै बुद्धिमान् थिए। चराहरूलाई सहरबाट धपाउन सकिँदैन भन्ने कुरा राजाले राम्ररी बुझेका थिए। त्यसबाट प्राकृतिक वातावरणमा ठूलो खैलाबैला आउन सक्थ्यो। उनले मनमनै भने, "मेरा मानव नागरिकहरूले दिउसो एकछिन मनोरञ्जन गर्न पाएनन् भन्दैमा मैले सारा चराचुरुङ्गीलाई देशनिकाला गरिदिएँ भने बालीनाली बिगार्ने कीराफट्याङ्ग्राहरूलाई कसले खाइदिने ? सिनु र फोहोर कसले सफा गरिदिने ? मुसाको सङ्ख्यालाई कसले नियन्त्रण गरिदिने ?"



यस्तै विचारमा मग्न राजाले मनमनै सोचे "चराहरू धपाइए भने हाम्रो सहर यति सुन्दर कहाँ रहन्छ र ? दलिनहरूमाऊ बसेर चिरबिर गरिरहने गौँथलीहरू हुनेछैनन्। मन्दिरका प्राङ्गणहरूमा भक्तजनहरूले चढाएका अन्नहरू टिप्ने परेवाहरू हुनेछैनन्। कीटपतङ्गहरूलाई साँऊमा नाच्दै पछ्याउने काला चिबेहरू हुनेछैनन्। सहरमाथि चीलले फन्को मार्नेछैन। चराहरूबिना यो ठाउँ सुनसान र अत्यासलाग्दो हुनेछ। दिउसो कागको 'काग-काग' र राती लाटोकोसेरोको 'हु-हु' पनि सुनिनेछैन।"

राजा अझै सोच्दै गए, “त्यसबाहेक, यस काठमाडौँ उपत्यकामा पन्छीहरूको पनि मानिसहरूजत्तिकै हक लाग्दैन र ? वास्तवमा यस ठाउँमा चराहरूको हक झनै बढी छ। मानिसहरूले यहाँ आई खेती गर्न र बस्ती बसाल्न थाल्नुभन्दा अघिदेखि नै यहाँका जङ्गलहरूमा चराहरू बस्दै आएका थिए भन्ने सबैलाई थाहा भएकै कुरा हो। मानिसहरू चराहरूलाई देशनिकाला गरियोस् भनी माग गर्दै छन् तर चराहरू यहाँका मूल बासिन्दा भएका नाताले यस उपत्यकाबाट बरु मानिसहरूलाई पो हटाइयोस् भनी माग गर्ने झन् बढी अधिकार चराहरूलाई छैन र ?”

सिद्धान्त र व्यवहार

काठमाडौँको इतिहासमा बुद्धिमान् र मूर्ख दुवै राजाहरू थिए। चङ्गा उडाउने खेल सुरु भएका बेला काठमाडौँमा पहिलो कोटीका राजा थिए। उनी तीक्ष्ण बुद्धिका थिए र मानिस तथा पशुपन्छी दुवैप्रति संवेदनशील थिए। मुख्य कुरा ती राजासित कुनै पनि विषयलाई चारैतिरबाट हेर्न सक्ने क्षमता थियो। आफू स्वयं मानवजातिका भए पनि उनी चङ्गाले खडा गरेको समस्यालाई पन्छीहरूको नजरबाट हेर्न सक्थे।

राजा सजिलैसित चन्द्रे तथा आन्दोलनकारी जनताको पक्षमा खुलेरै लाग्न सक्ने थिए। त्यो काम उनका लागि सजिलो थियो र उनी त्यसबाट मानव-नागरिकबीच लोकप्रिय पनि हुन सक्ने थिए । तर राजा या सामान्य नागरिक जोसुकै होस्, शक्ति हातमा भएपछि उसको जिम्मेवारी सबै प्राणीको भलाइ हेर्नु हुन्छ। एउटा बुद्धिमान् राजाले आफ्ना नागरिकहरूबीच भएको फूटलाई आफ्नो फाइदाका लागि उपयोग गर्दैन। त्यसको सट्टा उसले सिद्धान्त र व्यवहारका आधारमा सबैलाई स्वीकार हुने समाधान खोज्दछ।

त्यस रात दरबारको खोपीमा प्रवेश गर्दा राजा सिद्धान्त र व्यवहारको त्यही कुरा सोचिरहेका थिए। उनले आफ्नो विचार आफ्नी पत्नीसमक्ष खोल्दै भने, "रानी, सिद्धान्तकै कुरा गर्ने हो भने पन्छीहरूको भनाइ एकदमै सही छ। उनीहरूले परम्परागत रूपमा उपयोग गर्दै आएको आकाशमा अवरोध खडा भएको छ। तर फेरी व्यावहारिक दृष्टिले हेर्ने हो भने मानिसहरूले चङ्गा उडाउन छाड्ने कुराको कल्पना पनि गर्न सकिँदैन । किनभने यो खेल अति लोकप्रिय भइसक्यो र मानिसहरूसित मनोरञ्जनका धरै अरू उपाय पनि छैनन् ।"

भोलिपल्ट बिहान राजाले आफ्ना सल्लाहकारहरूसित राय मागे। उनीहरूले समस्याको समधान फेला पार्न चरा तथा मानिसका प्रतिनिधिहरूको एउटा सभा तुरुन्त डाक्ने सल्लाह दिए।

ठूलो बैठक

त्यो सभा भोलिपल्ट बिहान काठमाडौँ दरबारको ठूलो बैठककोठामा बस्यो। आकाशमा उड्ने चरा र चङ्गा उडाउने मानिस दुवैले मिलेर समाधान निकाल्नुपर्छ भन्ने बुझेका राजाचाहिँ सभाको सहजकर्ता बने।

चन्द्रे र विभिन्न टोलबाट आएका प्रतिनिधिहरू भुइँमा ओछ्याइएको सुकुलमाथि एकापट्टि बसे। भिन्नभिन्न जातका चराहरूको प्रतिनिधित्व गर्दै आएका पन्छीहरूचाहिँ सभाकक्षको अर्कोपट्टि भित्तामा रहेका बुट्टे झ्यालका डन्डीहरूमा लहरै बसेका थिए। चराहरूको नेतृत्व उल्लूले गरेकी थिइन्। ठूलो बैठकको एकापट्टिको आसनको चकटीमा राजा बसेका थिए।

छलफल दिउसोसम्मै चल्यो। छलफलका क्रममा उल्लू र चन्द्रेको निकै चर्काचर्की पऱ्यो। उनीहरूका कुरामा आ-आफ्ना सहयोगीहरू ताली बजाउँथे। एकपटक त आवेशमा आएर चन्द्रेले उल्लूलाई झन्डै हातै हालेको थियो। पन्छीप्रतिनिधिहरूले त्यसको विरोधमा बैठक नै बहिष्कार गर्ने धम्की दिए।

राजाले दुवै पक्षलाई थामथुम पारे र छलफल जारी रह्यो तर पनि खास निष्कर्ष निस्किरहेको थिएन। मानिसहरू जुनसुकै मौसममा जुनसुकै समय चङ्गा उडाउन पाउने अधिकार हुनुपर्छ भन्ने अडान लिइरहेका थिए भने चराहरूचाहिँ आकाशमा सदासर्वदा हाम्रो मात्र अधिकार हुनुपर्छ भन्नेमा जोड दिइरहेका थिए।

छलफल कुनै टुङ्गोमा पुग्न नसकेको देखेपछि गाँठो फुकाउन राजा नै अघि सरे। उनले चराहरूतिर फर्केर भने, "सुन्नुहोस् पन्छीगण ! तपाईंहरूले के बुझिदिनुपर्‍यो भने यस सहरमा एउटा नयाँ खेलको सुरुआत भएको छ र तपाईंहरूलाई मन परे पनि नपरे पनि मानिसहरूले चङ्गा उडाउन छाड्न सम्भव छैन। मानिसहरूले आफू कहिल्यै उड्न सक्दैनौँ भन्ने बुझेका छन्। चङ्गा उडाएर भए पनि उनीहरू उडेको आनन्द लिन चाहन्छन्। त्यसैले उनीहरू चङ्गा उडाउन किमार्थ छाड्नेछैनन्।"

अनि मानिसको जमाततर्फ हेर्दै राजाले भने, "मानवगण ! तपाईंहरूले यो नयाँ खेल थालेर कति स्वार्थी काम गर्नुभएको छ, त्यो सोच्नुभा'छ ? तपाईंहरूले पन्छीहरूसित अनुमति लिनुपर्छ भन्ने पनि सोच्नुभएन। आखिर आकाशमा सधैँ उनीहरूकै अधिकार रहँदै आएको छ। आकाशमा उड्न पाउने उनीहरूको अधिकार त्यति नै छ जति तपाईंहरूलाई जमिनमा हिँड्न पाउने अधिकार छ।"

राजाले थपे, "तपाईंहरूको यस अविवेकी कार्यले गर्दा चराचुरुङ्गीहरू अन्यत्र गए भने यस सुन्दर सहरको के अवस्था हुन्छ, विचार गर्नुभा'छ ? यस ठाउँमा बाली खाने कीराहरू छचापछचाप्ती हुनेछन्, वातावरणको सन्तुलन विग्रनेछ र मानव-बसोबासका लागि यो ठाउँ योग्य रहनेछैन। मानिसहरूले पनि यो ठाउँ छाड्नुपर्नेछ। यहाँका बाटा र पटाङ्गिनीहरू जङ्गलमा परिणत हुनेछन्। अनि अर्को कुरा, सम्झनुस्, पन्छीहरू नभएमा बिहान हामीलाई जगाउने कागहरू हुनेछैनन्, न त साँझमा गाउने कोइली नै हुनेछन्।"

राजाका वचनले दुवै पक्षमा प्रभाव पारेको थियो। चराहरूलाई आफूमाथि ठूलो अन्याय परेको अनुभव भइरहेको थियो तर पनि मानिसहरूले हद नाघेर सम्झौता गर्नेछैनन् भन्ने उल्लूलाई लागेको थियो। उता मानिसका प्रतिनिधिहरू-बीच हामीले चराहरूप्रति साँच्ची नै अन्याय गरेछौँ भन्ने समझदारी एकाएक

जागेको थियो। मानिसहरूले परम्परालाई खलबल्याएका थिए, जसले गर्दा चराहरूको जीवन पनि अस्तव्यस्त हुन गएको थियो। तर त्यसका साथै चङ्गा उडाउनमा पूरै प्रतिबन्ध लगाउने कुरामा मानिसहरू सहमत हुनेछैनन् भन्ने पनि चन्द्रेले बुझेको थियो।

आफ्नो अनुरोधले दुवै पक्षका प्रतिनिधिहरूका मनमा प्रभाव पारेको देखेर राजाले उल्लू र चन्द्रेलाई आपस्तमा केहीबेर छलफल गर्न सुझाउ दिए। ठूलो बैठकछेवैको सानो कोठातर्फ इङ्गित गर्दै राजाले भने, "त्यस सानो कोठामा गएर तपाईंहरू किन छलफल गर्नुहुन्न ?" सुकुलमा बसेका मानिस र टाँडमा बसेका चराहरूबाट त्यस सुझाउप्रति सहमतिको स्वर सुनियो। चन्द्रे भुइँबाट उठेर छेउको सानो कोठाभित्र पस्यो, उल्लू पनि उड्दै उसको पछि लागिन्।

ती दुई नेताबीच छेउको कोठामा वार्ता चलिरहँदा यता बैठककोठामा रहेका प्रतिनिधिहरूलाई राजदरबारका सेवकहरूले खानेपिउने कुरा उपलब्ध गराइरहेका थिए। मानिसहरू र चराहरूले कागतीको सर्बत पिए र कचौराबाट बदाम र गेडागुडी खाए। बैठककोठाको वातावरण सुध्रिँदै आएको थियो। उल्लू र चन्द्रेले सबैलाई चित्त बुझ्ने समाधान लिएर आउनेछन् भन्नेमा चरा र मानिसहरू दुवैथरी ढुक्क थिए।

सम्झौता

चरा र मानिसहरू एकआपसमा मिलेर खाइपिइरहेका थिए । राजाचाहिँ चन्द्रे र उल्लू छिरेका ढोकातर्फ हेरिरहेका थिए। अन्तमा ढोका खुल्यो र राजाले सन्तोषको सास फेरे। उनले जे देखे, त्यसबाट उनी ढुक्क भए। चन्द्रे बाहिर निस्कँदा उल्लू उसको काँधमाथि बसिरहेकी थिइन्। मित्रताको त्यस प्रदर्शनबाट समाधान फेला परेको सङ्केत मिल्दथ्यो।

बैठककोठामा शान्ति छायो र सबैका आँखा ती दुई नेताहरूमाथि थिरिए। चन्द्रेको हकमा समेत बोल्दै उल्लूले भनिन्, "साथीहरू ! हामी सम्झौतामा पुगेका छौँ। आफै उड्न नसक्ने र सधैँ जमिनमा बाँधिएर बसेका काठमाडौँका मानिसहरूका लागि चङ्गा उडाउने खेल नौलो र रोमाञ्चक हो भन्ने कुरा चराहरूले बुझ्नुपर्दछ। त्यसका साथै, सहरमा चङ्गा उडाउन थालिएपछि चराहरूलाई उड्नमा समस्या परेको तथ्य पनि स्विकार्नुपर्छ। नउडी पन्छीहरूको जीवन चल्दैन। त्यसैले यस समस्यालाई हामीले सकेसम्म हटाउनै पर्छ।"

उल्लू र चन्द्रे एउटा औपचारिक सम्झौता गर्न सहमत भएका थिए। त्यसैले त्यस सहमतिको लिखत राख्नुपर्ने कुरा सभामा उनीहरूले बताए। राजाले पहाडे कागजको ठूलो ताउ निकाले अनि त्यसमा उल्लूले भनेबमोजिमको विवरण

शाही कलमले लेख्न तयार भए। उल्लू अझै चन्द्रेकै काँधमाथि बसिरहेकी थिइन्। उपस्थित सबैका आँखाअघिल्तिर राजाले उनलाई बताएबमोजिम कागजको सिरानमा पहिले शीर्षक लेखे– "काठमाडौँ आकाशको उपयोगबारे सम्झौता।"

लिखत तयार भइसकेपछि उल्लू र चन्द्रेको अनुरोधमा राजाले सो लिखतको पाठ सबैसामु पढेर सुनाए। त्यसमा सबैको राय लिइयो। चराहरू र मानिसहरू दुवै थरीले उत्साहपूर्वक त्यसप्रति सहमति व्यक्त गरे।

(त्यस लिखतको उतार अर्को पातामा दिइएको छ।) सहरमा चङ्गा उडाउने कार्यलाई व्यवस्थित गर्ने त्यो सम्झौता कालान्तरमा 'काठमाडौँ-सन्धि'का नामले चिनिन थाल्यो। त्यस लिखतमा चन्द्रेको हस्ताक्षर बूढीऔँठाको छाप र उल्लूको हस्ताक्षर नङ्ग्राको छापले जनाएको थियो।

काठमाडौँ आकाशको उपयोगबारे सम्झौता

चङ्गा लट्टाईको धागामा बाँधेर उडाइने नयाँ प्रकारको उडाउने वस्तु भएको र यो एउटा खेलका रूपमा काठमाडौँबासी नागरिकहरुबीच लोकप्रिय भएको हुँदा,

त्यस्ता चङ्गा र खास गरी तिनमा बाँधिने धागाले पन्छीहरूको उडानमा खतरा उत्पन्न गर्ने भएकाले हुँदा,

मानवहरूको मनोरञ्जनका नयाँ र नौला तरिका खोज्न पाउने अधिकारलाई सकार्दै र कुनै अड्चन तथा व्यवधानबिनाको आकाशमा उड्न पाउने चराहरूको अधिकारलाई पनि स्विकार्दै, पन्छीहरूले प्राकृतिक रूपमा एक ठाउँबाट अर्को ठाउँ पुग्न आकाशमार्गलाई सधैं प्रयोग गर्दै आइरहेको तथ्यलाई स्मरण गर्दै,

यस सन्धिका हस्ताक्षरकर्ताहरू निम्नलिखित कुराहरूमा सहमति जनाउँछन् :

अबउप्रान्त काठमाडौँमा बर्सातको यामपछि पश्चिमा हावा जोड्सँग चल्दा शरद् ऋतुमा पर्ने दसैं चाडअघि र दसैंपछि तिहारसम्मको डेढ महिनाको अवधिमित्र मात्र चङ्गा उडाउन पाइनेछ ।
त्यसबाहेक अरू कुनै पनि समयमा चङ्गा उडाउन पाइनेछैन ।

उल्लू

(काठमाडौँका पन्छी–नागरिकका तर्फबाट)

चन्द्र

(काठमाडौँका मानव–नागरिकका तर्फबाट)

कैयौँ शताब्दीअघि त्यस कागजमा सही भएदेखि नै काठमाडौँका मानिस र पन्छीहरूले काठमाडौँ-सन्धिलाई मन, वचन र कर्मले पालना गर्दै आएका छन्। त्यसै हुनाले शिशिर, वसन्त र ग्रीष्म ऋतुमा चङ्गा उडाउने गरेको पाइँदैन। त्यस समयमा चराहरू बिनाअड्चन वायुमण्डलको उपभोग गर्दछन्।

यसप्रकार काठमाडौँबासीले एउटा नयाँ खेल खेल्न पाए भने चराहरूले वर्षको अधिकांश समय आफ्ना लागि आकाश सुरक्षित राख्न पाए। यही प्राचीन समझदारीबमोजिम मनसुनी वर्षा सकिएर जब दिउसो अपराह्न पश्चिमी हावा बहन थाल्छ, तब मानिसहरू आफ्ना लट्टाई र चङ्गा फिकेर छानाछानामा देखा पर्न थाल्छन्। चङ्गा उडाउन पाइने भनी तोकिएको यस अवधिमा चराहरूले आवतजावत गर्दा विशेष ध्यान पुऱ्याउनुपर्ने हुन्छ। यसबाट चराहरूलाई केही असुविधा अवश्य पुग्न जान्छ र कहिलेकाहीँ दुर्घटना पनि नहुने होइन तैपनि दसैँ र तिहार सकिनेबित्तिकै मानिसहरूको चङ्गा उडाउने समय पनि सकिन्छ भन्ने चराहरूले राम्रोसित बुझेका छन्।

इतिहासकारहरूका अनुसार यस सन्धिमा हस्ताक्षर भएपछि काठमाडौँका राजाले सन्तोषको ठूलो सास फेरेका थिए। उनले आफ्नी पत्नीलाई यसो भनेका थिए भनिन्छ, "बुऊ्यौ रानी, यस समस्याको समाधान गर्नु मेरो कर्तव्य थियो किनभने बर्निकोलाई बेजिङ मैले नै पठाएको थिएँ। काठमाडौँमा चङ्गा आएको पनि त्यसैकारण थियो।"

तिनै इतिहासकारहरूका अनुसार त्यसपछि चन्द्रे र उल्लूमा प्रगाढ मित्रता गाँसियो र उनीहरूले मिलेर काठमाडौँका पन्छी र मानव-बासिन्दा नागरिकहरूको भलाइ हुने धेरै काम गरे। उनीहरूले थालेको सहअस्तित्वको त्यही परम्पराले गर्दा काठमाडौँमा बसोबास गर्ने प्राणीहरूबीच शान्ति र सद्भाव रहँदै आएको हो भनिन्छ।



आज पनि किन चङ्गा दसैँताका मात्रै उडाउने गरिन्छ भनेर केटाकेटीहरू सोध्ने गर्दछन् । त्यस प्रश्नको उत्तरमा कोही बूढापाकाहरू "यस्तै चलन छ" भन्ने गर्दछन् । तर जससित इतिहासको अलिकति पनि ज्ञान छ– र जसले मिथक कसरी बन्छ भन्ने बुझेका छन्– तिनले वास्तुविद् बर्निको, एक बुद्धिमान् राजा, अनि उल्लू दिदी र चन्द्रेका बारेमा बताउन सक्नेछन् । उनीहरूले त्यस सम्झौताका बारेमा पनि बताउनेछन्, जसको कारण यस ठाउँमा शान्तिस्थापना हुन पुग्यो ।

Rato Bangala Kitab

ISBN 99933 816 3 2